# लिवर्टी इनर्जी कम्पनी लि.
# को
# एघारौं, बाह्रौ र तेह्रौ वार्षिक साधारण सभाको निर्णय पुस्तिका

## १. पृष्ठभुमिः

लिवर्टी इनर्जी कम्पनी लि.को एघारौं बाह्रौं र तेह्रौं वार्षिक साधारण सभा मिति २०८०/०१/२५ मा अमृत भोग क्याटरर्स, कालिकास्थान, काठमाण्डौंमा सम्पन्न भएको थियो । कार्यक्रम संचालकले कम्पनीका संचालकहरु, प्रत्यक्ष उपस्थित शेयरधनी महानुभावहरु तथा आमन्त्रित प्रतिनिधिहरु र कम्पनीका पदाधिकारीहरुलाई आसन ग्रहण गर्न अनुरोध गर्नु भयो । साधारण सभाको अध्यक्षता कम्पनीका सञ्चालक समितिका अध्यक्ष श्री कुश कुमार जोशीज्यूले गर्नु भए पश्चात सभा संचालन भएको थियो । साधारण सभामा सभा अध्यक्ष ज्यूले सञ्चालक समितिको तर्फबाट आ.व २०७६/०७७, २०७७/०७८ र २०७८/०७९ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भयो । यस पश्चात् साधारण सभामा छलफलका लागि निर्धारित विषयहरु उपर छलफल गरि प्रस्तावहरु पारित गरिएको थियो । साधारण सभा बिहान ११:०० बजेबाट शुरु भई निर्धारित विषय सूची अनुसारको विषयहरुमा छलफल तथा निर्णय गरि दिनको १:०० बजे सभा समापन भएको थियो ।

## २. सभाको सूचना तथा प्रकाशन :

यस कम्पनीको संचालक समितिको मिति २०८०/०१/०३ मा बसेको बैठकको निर्णय अनुसार आयोजित कम्पनीको एघारौं, बाह्रौ र तेह्रौं वार्षिक साधारण सभाको जानकारीका लागी २०८०/०१/०४ गते राष्ट्रिय दैनिक नयाँ पत्रिकामा तथा २०८०/०१/१२ गते राष्ट्रिय दैनिक सौर्य दैनिकमा सार्वजनिक सुचना प्रकाशित गरिएको थियो । साथै उल्लेखित सुचना तथा जानकारीहरु यस कम्पनीको सुचना पाटि तथा वेवसाईट www.libertyenergy.com.np मा पनि राखिएको थियो ।

## ३. साधारण सभा भएको मिति समय र स्थान :

मिति : २०८० बैशाख २५ गते सोमबार ।
समय : बिहान ११:०० बजे ।
स्थान : अमृत भोग क्याटरर्स, कालिकास्थान, काठमाण्डौं ।

## ४. उपस्थिति :

कम्पनीको यस साधारण सभामा शेयरधनी महानुभावहरु, संचालक समितिका पदाधिकारी, विभिन्न निकायका आमन्त्रित पदाधिकारीहरु तथा कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

**अ. संचालकहरुको उपस्थिति**

| | |
|---|---|
| १. कुशकुमार जोशी | संचालक/अध्यक्ष |
| २. डा. आत्माराम घिमिरे | प्रबन्ध संचालक |
| ३. राम बहादुर पाण्डे | संचालक |
| ४. राजेन्द्र वस्ती | संचालक |

**आ. पदाधिकारीहरुको उपस्थिति**

| | |
|---|---|
| १. ध्रुव कुमार श्रेष्ठ | उप-महाप्रबन्धक/कम्पनी सचिव |

### इ. विभिन्न निकायका पदाधिकारी/प्रतिनिधिहरुको उपस्थिति

१. श्याम बहादुर खड्का — सभासद, बाग्मती प्रदेश
२. तुलसी राम ढकाल — अध्यक्ष, इन्भेष्टर फोरम नेपाल
३. रजनीश दाहाल — प्रतिनिधि, देव एसोसियट्स
४. बासु थपलिया — प्रतिनिधि, प्रभु क्यापिटल लिमिटेड

### ई. शेयरधनीहरुको उपस्थिति

१. स्वयम् उपस्थित हुने शेयरधनीहरुको संख्या (संस्थागत शेयरधनीहरुको प्रतिनिधि समेत) — २२२ जना
२. प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीहरुको संख्या — २०६ जना
३. जम्मा उपस्थिति संख्या — ४२८ जना

## ५. गणपुरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व :

| शेयरधनीको विवरण | निष्काशित शेयर संख्या | शेयरधनी संख्या | स्वयं उपस्थित | प्रतिनिधि मार्फत उपस्थिति | जम्मा उपस्थिति | कुल प्रतिनिधित्व |
|---|---|---|---|---|---|---|
| संस्थापक | १,१२,५०,००० | ५५६ | १०६ | १०३ | २०९ | ७२.९७% |
| सर्वसाधारण (स्थानिय सहित) | ३७,५०,००० | १,०५,६०९ | ११६ | १०३ | २१९ | ७.३९% |
| **जम्मा** | **१,५०,००,०००** | **१,०६,१६५** | **२२२** | **२०६** | ४२८ | **५६.५८%** |

## ६. एघारौं, बाह्रौ र तेह्रौं वार्षिक साधारण सभामा छलफलको लागि प्रस्ताव गरिएका विषयहरु :

### क) सामान्य प्रस्तावहरु :

१. संचालक समितिको तर्फबाट अध्यक्ष ज्यूद्वारा प्रस्तुत आ.व. २०७६/०७७, २०७७/०७८ र २०७८/०७९ को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।

२. कम्पनीको लेखापरिक्षकले पेश गर्नु भएको आ.व. २०७६/०७७, २०७७/०७८ र २०७८/०७९ को लेखा परिक्षण प्रतिवेदन तथा वित्तिय विवरण माथि छलफल गरी पारित गर्ने ।

३. संचालक समितिको निर्णय बमोजिम कम्पनीले आ.व. २०७७/७८ र आ.व २०७८/७९ का लागी कम्पनी ऐन २०६३ को दफा ११३ बमोजिम नियुक्त लेखापरिक्षक तथा निजको पारिश्रमिक अनुमोदन गर्ने तथा कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ.व. २०७९/०८० को लागी लेखा परिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. संस्थापक समुहबाट ५ जना र सर्वसाधारण समुहबाट १ जना गरी जम्मा ६ जना संचालकहरुको निर्वाचन र १ जना स्वतन्त्र संचालक नियुक्ति गर्ने ।

**ख) विशेष प्रस्तावः**

१. प्रवन्ध पत्रको दफा ६ (क), (ख), (ग) र (घ) बमोजिम हाल कायम रहेको पूँजीको संरचनामा संशोधन गर्ने तथा अख्तियारी सम्बन्धमा ।

२. नियमावलीको नियम २७ को उपनियम २ संसोधन गर्ने तथा अख्तियारी सम्बन्धमा ।

३. कम्पनीको चुक्ता पूँजीको ५०% बराबरको हकप्रद शेयर निष्कासन गर्ने तथा अख्तियारी सम्बन्धमा ।

४. कम्पनीले आफ्नो चुक्ता पूँजी र संचित मुनाफा भन्दा बढि हुने गरी लिएको ऋण अनुमोदन गर्ने साथै थप ऋणका लागी स्वीकृती दिने सम्बन्धमा ।

५. जलविद्युत कम्पनीहरु गाभ्ने/गाभिने तथा प्राप्ति (एक्विजिसन), खरीद गर्ने तथा नयाँ परियोजनामा लगानी गर्ने प्रकिया अगाडी बढाउनका लागी संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

६. हाल कम्पनीको स्वामित्वमा रहेका निर्माण प्रकियामा जान बाँकी आयोजनाहरुको निर्माणका लागी आवश्यक पूँजी व्यवस्थापन गर्न तथा हक हस्तान्तरण गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

**ग) विविध**

**७. सभाको वैधानिकता :**

आजको यस सभा कम्पनीको प्रवन्ध-पत्र, नियमावली र कम्पनी ऐन, २०६३, अनुसार सभाको लागि प्रस्ताव सहित अग्रिम २१ दिने सार्वजनिक सूचना राष्ट्रिय दैनिकहरु क्रमशः मिति २०८०/०१/०४ मा नयाँ पत्रिका र मिति २०८०/०१/१२ मा सौर्य दैनिकमा जारी गरी सभा बोलाइएको र यस सभामा ५६.५८ प्रतिशतको गणपुरक संख्यामा शेयरधनीको उपस्थित रहेको र आवश्यक मात्रामा सम्पूर्ण संचालकहरुको समेत उपस्थिति देखिएकोले सोही बमोजिम यस सभालाई वैधानिक घोषित गरी यस कम्पनीका अध्यक्ष श्री कुशकुमार जोशी ज्यूको सभापतित्वमा वार्षिक साधारण सभा सन्चालन गरी आजको सभामा उल्लेखित प्रस्तावहरु माथी छलफल गरी पारित गर्ने निर्णय गरियो ।

**८. सभा उद्घाटन तथा स्वागत मन्तव्य**

यस साधारण सभाको सभापतित्व गरिरहनु भएका अध्यक्ष श्री कुश कुमार जोशीले सभाको उद्घाटन गर्नुभयो । अध्यक्षको आज्ञाले कम्पनीका प्रबन्ध संचालक डा. आत्माराम घिमिरेले कम्पनीको बारेमा संक्षिप्त जानकारी दिँदै सहभागी सम्पूर्णलाई यस साधारण सभाको कार्यक्रममा स्वागत गर्नुभयो ।

**९. सभा सन्चालन तथा प्रस्ताव उपर छलफल :**

साधारण सभाको कार्यक्रम संचालन गर्न सभा अध्यक्ष ज्यूबाट अनुमति प्राप्त भए पछि कम्पनीका अध्यक्ष श्री कुश कुमार जोशी ज्यूलाई कम्पनीको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुरोध गरियो । तत् पश्चात अध्यक्षज्यूले मन्तव्य सहित संचालक समितिको तर्फबाट आ.व. २०७६/०७७, २०७७/०७८ र २०७८/०७९ को वार्षिक प्रतिवेदन अनुमोदनको लागी प्रस्तुत भयो । साथै कम्पनीद्धारा प्रवर्द्धित आयोजनाहरुको कार्य प्रगति तथा भावी योजना बारे प्रस्तुतीकरण

गरियो । प्रस्तुत प्रतिवेदन तथा शेयरधनीहरुलाई उपलब्ध गराईएको लेखापरिक्षण प्रतिवेदन सहितको २०७९ आषाढ मसान्त सम्मको वासलात तथा २०७६/०७७, २०७७/०७८ र २०७८/०७९ को वार्षिक नाफा नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण, तत्सम्बन्धी अनुसुचिहरु समेतमा आ-आफ्नो राय, प्रतिक्रिया तथा सुझाव दिन तथा सो सम्बन्धमा छलफल गर्न र आफ्नो मन्तव्य राख्न शेयरधनीहरुलाई अनुरोध गरियो । कम्पनीका निम्न शेयरधनीहरुले मन्तब्यका क्रममा व्यक्त गर्नु भएको आ-आफ्नो राय, सुझाव तथा जिज्ञासाहरुको मुख्य अंश निम्न अनुसार रहेको छ ।

**क. चन्द्र नारायण श्रेष्ठ**

कम्पनीको हालको ऋणको रकम अध्यक्षको प्रतिवेदनमा संलग्न गर्न सुझाव दिनुभयो । साथै, आयोजनाको आवश्यक सम्पूर्ण बिमाहरु गर्न पनि सुझाउनु भयो ।

**ख. निरुपमा गुप्ताः**

कम्पनीको शेयरधनीहरुले प्रतिफलको अपेक्षा गरेको जानकारी गराउनु भयो र कम्पनीमा महिला संचालकको व्यवस्था गर्न सुझाव दिनुभयो ।

**ग. विष्णुमणी गौतम**

कम्पनीको वित्तिय प्रक्षेपण वार्षिक प्रतिवेदनमा संलग्न गंर्न तथा कम्पनीको हकप्रद शेयरबाट जम्मा हुने रकम राम्रो प्रतिफल दिने आयोजनामा लगानी गर्न सुझाव दिनुभयो ।

**घ. काजी लामा** :

कम्पनीद्धारा निर्माणाधिन आयोजनाहरु समयमा नै सम्पन्न गर्नुपर्ने र यसो हुँदा कम लागत पर्ने हुँदा अन्यथा लागत बढ्न जाने विचार व्यक्त गर्नुभयो ।

शेयरधनी महानुभावहरुबाट मन्तब्यका क्रममा राय, सुझाव र जिज्ञासा राख्ने कार्य पुरा भएपछि शेयरधनीहरुको जिज्ञासाहरुको सम्बन्धमा अध्यक्ष ज्यूको आज्ञाले कम्पनीका प्रबन्ध संचालक डा. आत्माराम घिमिरे ज्यूले सम्बन्धित विषयमा जवाफ दिनुभयो ।

क) कम्पनीको आगामी वर्षमा प्रतिवेदन तयार गर्दा थप जानकारी समेटिने र हाल आयोजना संरचनाहरुको बीमा गरिएको तथा थप बीमाहरु गर्न प्रस्ताव लिइएको जानकारी गराउनु भयो ।

ख) कम्पनी नाफामा गएपछि प्रतिफल अवश्य बाँडिने र यस पटकबाट महिला संचालकको व्यवस्था गरिएको छ ।

ग) आगामी वर्षको प्रतिवेदन बनाउँदा शेयरधनीको सुझाव मनन गर्दै सुधार गर्ने तथा कम लागत पर्ने आयोजना अध्ययन गरी लगानी गर्ने योजना रहेको छ ।

घ) प्राकृतिक प्रकोप तथा महामारी आदि कारणले कम्पनीद्धारा निर्माण सम्पन्न आयोजनाको लागत वृद्धी भएको र भविष्यमा आयोजनामा लागत कम गर्ने गरी कम्पनीले आवश्यक कार्य गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

१०. प्रस्ताव तथा निर्णयहरु :

क) सामान्य प्रस्तावहरु :

१. प्रस्ताव नं. १ का सम्बन्धमा यस कम्पनीका सञ्चालक समितिका तर्फबाट अध्यक्षज्युले प्रस्तुत गर्नु भएको आ.व. २०७६/७७, २०७७/०७८ र २०७८/०७९ को वार्षिक प्रतिवेदन माथि छलफल गरी सर्वसम्मतिले पारित गरियो ।

२. प्रस्ताव नं. २ का सम्वन्धमा यस कम्पनीका लेखापरीक्षक श्री केएसडिबी एण्ड एसोसियट्स, चार्टर्ड एकाउन्टेण्टले पेश गर्नु भएको यस कम्पनीको आ.व.२०७६/७७ र २०७७/०७८ को लेखा परिक्षण प्रतिवेदन एवम् वित्तिय विवरण र लेखापरीक्षक श्री डि. आचार्य एण्ड एसोसिएट्सले पेश गर्नु भएको आ.व. २०७८/७९ को लेखापरीक्षण प्रतिवेदन एवम् वित्तिय विवरण माथि विस्तृत छलफल भई सो प्रतिवेदनलाई सर्वसम्मतिले पारित गरियो ।

३. प्रस्ताव नं. ३ का सम्वन्धमा कम्पनी ऐन २०६३ को दफा ११३ अनुसार आ.व. २०७७/७८ का लागी नियुक्ति हुनु भएको भएको लेखापरिक्षक श्री के.एस.डि.बि. एण्ड एसोसियट्स, चार्टर्ड एकाउण्टेण्ट र निजको पारिश्रमिक रु ३,००,०००/ (भ्याट बाहेक) तथा आ.व. २०७८/७९ का लागी लेखापरिक्षक नियुक्त हुनु भएको श्री डि. आचार्य एण्ड एसोसियट्स र निजको पारिश्रमिक रु. ४,००,०००/- (भ्याट बाहेक) भुक्तानी गरिएकोमा साधारण सभाबाट अनुमोदन गर्ने निर्णय गरियो । साथै, यस कम्पनीको लेखापरिक्षण समितिको मिति २०७९/११/०५ गते बसेको बैठकको निर्णय अनुसार कम्पनीको बाह्य लेखापरीक्षण गर्न विभिन्न लेखापरीक्षकहरुबाट प्राप्त प्रस्तावहरु अध्ययन पश्चात हाल कायम रहेका लेखापरीक्षक श्री D. Acharya & Associates पुनः लेखापरीक्षण गर्न प्रस्ताव प्राप्त नभएकोले उल्लेखित प्रस्तावहरु मध्ये सारभुत रुपमा किफायती देखिएकोले श्री Maharjan Bishow & Associates लाई लेखापरीक्षण शुल्क बापक रु.४,००,०००/- (भ्याट बाहेक) भुक्तानी गर्ने गरी चालु आ.व. २०७९/८० को लागी कम्पनीको बाह्य लेखापरीक्षण नियुक्त गर्ने प्रस्तावलाई सर्वसम्मतिले पारित गरीयो ।

४. प्रस्ताव नं. ४ का सम्बन्धमा छलफल हुँदा कम्पनीको रिक्त हुने संचालक समितिका सदस्यको निर्वाचन गर्न नियुक्त हुनु भएका निर्वाचन अधिकृत अधिवक्ता श्री कमल कुमार भारती ले यस सभा समक्ष जानकारी गराउनु भए बमोजिम निर्वाचन कार्यतालिका बमोजिम पर्न आएको उम्मेदवारीबाट निर्बिरोध चुनिनुभएका सस्थापक समुहबाट प्रतिनिधित्व गर्ने संचालकहरु डा. आत्माराम घिमिरे, श्री श्याम बहादुर खड्का, श्री राजेन्द्र वस्ती, श्री पुरुषोत्तम घिमिरे र श्री कविता पोखेल सहित ५ जना तथा सर्वसाधारण (स्थानिय सहित) समुहबाट प्रतिनिधित्व गर्ने संचालक श्री कामना होल्डिङ्ग प्रा.लि बाट प्रतिनिधित्व गर्ने श्री लोचन कोइराला १ जना लाई कम्पनीको संचालकमा आगामी ४ वर्षको लागी निर्विरोध निर्वाचित भएको प्रस्ताव पारित गरियो । साथै, स्वतन्त्र संचालकको हकमा संचालक समितिको मिति २०८०/०१/०३ को बैठकबाट सिफारिस भए बमोजिम श्री अनुज्ञा सापकोटा लाई साधारण सभाले अनुमोदन गरि स्वतन्त्र संचालकमा नियुक्ति गर्ने निर्णय गरियो ।

**ख) विशेष प्रस्तावहरु :**

१. विशेष प्रस्ताव नं. १ को सम्बन्धमा यस कम्पनीको हाल कायम रहेको स्वीकृत अधिकृत पूँजी रु. १,५०,००,००,०००/- (एक अर्व पचास करोड मात्र) र जारी पूँजी रु. १,५०,००,००,०००/- (एक अर्व पचास करोड मात्र) कायम रहेकोमा कम्पनीले प्रवर्द्धन गरेको माथिल्लो दोर्दी 'ए' जलविद्युत आयोजनाको लागतमा वृद्धि हुने देखिएको साथै बडिगाड खोला जलविद्युत आयोजना (२४.६ मे.वा) र लोदो खोला साना जलविद्युत आयोजना (१.६ मे.वा) को समेत सम्भाव्यता अध्ययनको कार्य सम्पन्न भई उक्त आयोजनाहरुको निर्माणको लागी समेत बजेट व्यवस्था गर्नुपर्ने भएको हुँदा जम्मा रु. ३,५५,७०,००,०००/ (तिन अर्व पचपन्न करोड सत्तरी लाख मात्र) को शेयर पूँजी व्यवस्था गर्नुपर्ने देखिएकोले हाल कायम रहेको उल्लेखित अधिकृत पूँजी र जारी पूँजीलाई वृद्धि गरि देहाय बमोजिम कायम हुने गरि प्रबन्धपत्रको दफा ६ (क), ६ (ख) ६(ग) र ६ (घ) लाई संशोधन गरि संशोधित प्रवन्धपत्रको प्रावधानलाई नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयबाट अभिलेख गराउने, साथै उल्लेखित पूँजी वृद्धि सम्बन्धी आवश्यक सम्पूर्ण कार्य गर्न तथा सम्बन्धित निकायमा स्विकृतीका लागी पेश गर्दा कुनै हेरफेर वा थपघट गर्नु परेमा समेत कम्पनीको संचालक समितिलाई आवश्यक अख्तियारी समेत प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिबाट अनुमोदन गरियो ।

**प्रवन्धपत्रको दफा ६ :**

कम्पनीको पूँजीको संरचना देहाय बमोजिम हुनेछ :-

(क) कम्पनीको अधिकृत पूँजी रु. ३,५५,७०,००,०००/- (अक्षेरुपी तिन अर्व पचपन्न करोड सत्तरी लाख मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१००/- दरका ३,५५,७०,००० थान साधारण सेयरमा विभाजन गरिएको छ ।

(ख) कम्पनीको तत्काल जारी गर्ने शेयर पूँजी रु. २,२५,००,००,०००/- (अक्षेरुपी दुई अर्व पच्चिस करोड मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१००/- दरका २,२५,००,००० थान साधारण सेयरमा विभाजन गरिएको छ ।

(ग) कम्पनीको चुक्ता पूँजी रु. २,२५,००,००,०००/- (अक्षेरुपी दुई अर्व पच्चिस करोड मात्र) हुनेछ । सो मध्ये रु. १,६८,७५,००,०००/- (अक्षेरुपी एक अर्व अरसट्ठि करोड पचहत्तर लाख मात्र) संस्थापक तथा रु. ५६,२५,००,०००/- (अक्षेरुपी छपन्न करोड पच्चिस लाख मात्र) सर्वसाधारण समुहमा छुट्याइएको छ । हकप्रद शेयर निष्काशन पश्चात यी दुबै समुहको शेयर चुक्ता हुनेछ ।

(घ) कम्पनीको जारी तथा चुक्ता पूँजीको अनुपात देहाय बमोजिम हुनेछ ।

| समुह | शेयर | | |
|---|---|---|---|
| | प्रतिशत | संख्या | रकम |
| (अ) संस्थापक | ७५ | १,६८,७५,००० | रु. १,६८,७५,००,०००/- |
| (आ) सर्वसाधारण (स्थानिय समेत) | २५ | ५६,२५,००० | रु. ५६,२५,००,०००/- |

२. विशेष प्रस्ताब नं. २ को सम्बन्धमा छलफल हुँदा कम्पनीको नियमावलीको नियम २७ (२) मा उल्लेख भए अनुसार कम्पनीमा संस्थापक समुहबाट ५ जना, सर्वसाधारण शेयरधनी तथा स्थानियहरु समेतबाट १ जना र स्वतन्त्र संचालक १ जना गरि जम्मा ७ जनाको संचालक समिति हुनु पर्ने व्यवस्था भएकोमा कम्पनी ऐन २०६३ दफा ८६ उपदफा (२) अनुसार कम्पनीको संचालक समितिमा कम्तीमा १ जना महिला संचालक अनिवार्य हुनुपर्ने व्यवस्था भए बमोजिम कम्पनीको नियमावलीको नियम २७ (२) लाई संसोधन गर्न कम्पनीको संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

**<u>नियमावलीको नियम २७ (२)</u>**

यस कम्पनीमा ७ जनाको संचालक समिति हुनेछ जसमा सस्थापक समुहबाट ५ जना, सर्वसाधारण शेयरधनी तथा स्थानियहरु समेतबाट १ जना र स्वतन्त्र संचालक १ जना रहेछन् । कम्पनीको संचालक समितिमा कम्तीमा १ जना महिला संचालक रहनेछन् ।

३. विशेष प्रस्ताब नं. ३ को सम्बन्धमा यस कम्पनीको हालको चुक्ता पूँजी जम्मा रु. १,५०,००,००,०००/- (अक्षरुपी एक अर्ब पचास करोड मात्र) भएकोमा माथिल्लो दोर्दी 'ए' जलविद्युत आयोजना निर्माण शुरु भए देखि नै उत्पन्न विविध काबु बाहिरको परिस्थितिको कारणले आयोजना पुन: निर्माण तथा संरचना संरक्षणमा भएको थप खर्च तथा निर्माण अवधिको बैंक ब्याज बृद्धि भई आयोजनाको कुल निर्माण लागत बढ्न गएको र सोहि कारण बैंक सँग लिनुपर्ने ऋण रकम समेत बृद्धि भएकोले कम्पनीलाई थप आर्थिक भार पर्ने र उक्त ब्याज खर्च कम गर्न तथा कम्पनीको स्वामित्वमा रहेका आयोजनामा लगानी गर्न समेत थप पूँजी आवश्यक पर्ने भएकोले कम्पनीको हाल कायम रहेको चुक्ता पूँजी रु. १,५०,००,००,०००/- (अक्षरुपी एक अर्व पचास करोड मात्र) को ५०% का दरले हुन आउने रकम रु. ७५,००,००,०००/- (अक्षेरुपी पचहत्तर करोड मात्र) बराबरको २:१ का दरले हकप्रद शेयर जारी गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो । साथै, हकप्रद शेयर निष्कासनको प्रकियामा आवश्यक काम कारबाही गर्न तथा अन्य आवश्यक कागजातमा फेरबदल गर्नुपर्ने भएमा समेत कम्पनीको संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव समेत सर्वसम्मतिले पारित गरियो ।

४. विशेष प्रस्ताव नं. ४ को सम्बन्धमा कम्पनीद्धारा प्रवर्द्धित माथिल्लो दोर्दी 'ए' जलविद्युत आयोजनाको पूर्व स्विकृत ऋणमा बृद्धि भई कुल दिर्घकालिन ऋण रु.४,४६,७०,२८,०००/- लिने तथा व्यापारिक उत्पादन मितिबाट १५ वर्ष सम्म भुक्तानी गर्ने गरी कम्पनी र सह-वित्तियकरण ऋण लगानीकर्ता बैंकहरु बिच भएको मिति २०७९/०१/०८ को पुरक ऋण लगानी सम्झौता अनुमोदन गर्ने प्रस्ताव पारित गरियो । साथै, हाल माथिल्लो दोर्दी 'ए' जलविद्युत आयोजना सम्पन्न भई २०७९ मंसिर १७ बाट व्यापारीक उत्पादन समेत शुरु भइसकेको र आयोजना निर्माणको कममा आइपरेको महाभुकम्प, नाकाबन्दी, बिनासकारी बाढी, कोरोना भाइरसको महामारी आदि कारणले निर्माण अवधि र निर्माण लागत बृद्धि भएकोले उक्त आयोजनाबाट सिर्जित दायित्वका लागी थप ऋण रु. ७९,५९,२०,०००/- गरी कुल ऋण रकम रु. ५,२६,२९,४८,०००/- सम्म लिने तथा व्यापारिक उत्पादन मितिबाट १८ बर्षमा ऋण चुक्ता गर्ने गरी सम्झौता गर्ने संचालक समितिको प्रस्तावलाई अनुमोदन गर्ने तथा उल्लेखित ऋण सम्झौता गर्न कम्पनीको संचालक समितिलाई अख्तियारी दिने निर्णय गरियो ।

५. विशेष प्रस्ताव नं. ५ को सम्बन्धमा यस कम्पनीले हालै मात्र माथिल्लो दोर्दी 'ए' जलविद्युत आयोजना (२५ मे.वा) सम्पन्न गरी आगामी दिनमा अन्य आयोजनाको स्वामित्व हेरफेर गरी थप नविकरणीय उर्जा सम्बन्धि आयोजना निर्माण गर्नुपर्ने दायित्व यस कम्पनीको रहेको साथै उक्त जलविद्युत केन्द्रबाट अधिकतम मात्रामा विद्युत उत्पादन गर्ने र उत्पादन लागत घटाई शेयरधनीलाई अधिकतम प्रतिफल प्रदान गर्नु पर्ने जिम्मेवारी व्यवस्थापनको रहेको हुँदा कम्पनीको दिर्घकालिन हितका लागी यस कम्पनीले अन्य जलविद्युत कम्पनी गाम्ने/गाभिने तथा प्राप्ति गर्ने, खरीद/बिक्री गर्ने तथा नयाँ परियोजनामा लगानी गर्ने प्रक्रिया अगाडी बढाउनका लागी संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

६. विशेष प्रस्ताव नं. ६ को सम्बन्धमा छलफल हुँदा हाल कम्पनीको स्वामित्वमा रहेका निर्माण प्रक्रियामा जान बाँकी बडिगाड खोला जलविद्युत आयोजना (२४.६ मे.वा) र लोदो खोला साना जलविद्युत आयोजना (१.६ मे.वा) आयोजनाहरुको निर्माणका लागी आवश्यक पूँजी व्यवस्थापन गर्न तथा हक हस्तान्तरण गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

**ग) विविध**

विविध विषयको सम्बन्धमा माथि उल्लेखित प्रस्तावहरु कार्यान्वयन गर्न नियमनकारी निकायमा बुझाउन तथा उपलब्ध गराउने विवरण तथा कागजातमा कुनै त्रुटि भएमा संसोधनको लागी संचालक समितिलाई त्रुटि संसोधन गर्ने अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गरियो ।

**११. धन्यबाद ज्ञापन तथा सभाको समापन**

अन्त्यमा कम्पनीका अध्यक्ष ज्यूले नयाँ संचालक समितिलाई सफल कार्यकालको शुभकामना दिनुभयो र कम्पनीको वार्षिक साधारण सभामा सहभागी भई सभालाई सुचारु रुपमा सम्पन्न गर्न सहयोग पुऱ्याउनु भएकोमा शेयरधनीहरु, संचालक सदस्यहरु, कर्मचारीहरु तथा अन्य उपस्थित महानुभावहरुलाई धन्यबाद ज्ञापन गर्दै सभाको समापन भएको घोषणा गर्नुभयो ।

..............................
श्री ध्रुव कुमार श्रेष्ठ
कम्पनी सचिव

..............................
श्री कुश कुमार जोशी
अध्यक्ष

# लिवर्टी इनर्जी कम्पनी लि.को

## प्रवन्ध-पत्रमा भएको संसोधनको

## <u>तिन-महले</u>

<table>
<tr><th>साविकको व्यवस्था</th><th>हाल संसोधित व्यवस्था</th><th>संसोधनको कारण</th></tr>
<tr>
<td>
<u>प्रवन्ध पत्रको दफा ६</u><br>
कम्पनीको पूँजीको संरचना देहाय बमोजिम हुनेछ :-<br>
(क) कम्पनीको अधिकृत पुँजी रु.१,५०,००,००,०००/- (एक अर्व पचास करोड) हुनेछ । सो पुँजीलाई प्रति शेयर रु १००/- का दरले १,५०,००,००० थान साधारण शेयरमा विभाजन गरिएको छ ।<br><br>
(ख) कम्पनीको तत्काल जारी गर्ने शेयर पुँजी रु.१,५०,००,००,०००/- (एक अर्व पचास करोड) हुनेछ । सो पुँजीलाई प्रति शेयर रु १००/- का दरले १,५०,००,००० थान साधारण शेयरमा विभाजन गरिएको छ ।<br><br>
(ग) कम्पनीको चुक्ता पूँजी रु. १,५०,००,००,०००/- ( एक अर्ब पचास करोड मात्र) हुनेछ । सो मध्ये रु. १,१२,५०,००,०००/- (एक अर्ब बाह्र करोड पचास लाख मात्र) संस्थापक तथा रु. ३७,५०,००,०००/- (सैतिस करोड पचास लाख मात्र) सर्वसाधारण समुहमा छुट्याइएको छ ।<br><br>
(घ) कम्पनीको जारी पुँजीको अनुपात देहाय बमोजिम हुनेछ ।
<table>
<tr><th rowspan="2">समुह</th><th colspan="3">शेयर</th></tr>
<tr><th>प्रतिशत</th><th>संख्या</th><th>रकम</th></tr>
<tr><td>(अ) संस्थापक</td><td>७५</td><td>१,१२,५०,०००</td><td>रु.१,१२,५०,००,०००/-</td></tr>
<tr><td>(आ) सर्वसाधारण (स्थानिय समेत)</td><td>२५</td><td>३७,५०,०००</td><td>रु.३७,५०,००,०००/-</td></tr>
</table>
</td>
<td>
<u>प्रवन्ध पत्रको दफा ६</u><br>
कम्पनीको पूँजीको संरचना देहाय बमोजिम हुनेछ :-<br>
(क) कम्पनीको अधिकृत पूँजी रु. ३,५५,७०,००,०००/- (अक्षेरुपी तिन अर्व पचपन्न करोड सत्तरी लाख मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१००/- दरका ३,५५,७०,००० थान साधारण सेयरमा विभाजन गरिएको छ ।<br><br>
(ख) कम्पनीको तत्काल जारी गर्ने शेयर पूँजी रु. २,२५,००,००,०००/- (अक्षेरुपी दुई अर्व पच्चिस करोड मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१००/- दरका २,२५,००,००० थान साधारण शेयरमा विभाजन गरिएको छ ।<br><br>
(ग) कम्पनीको चुक्ता पूँजी रु. २,२५,००,००,०००/- (अक्षेरुपी दुई अर्व पच्चिस करोड मात्र) हुनेछ । सो मध्ये रु. १,६८,७५,००,०००/- (अक्षेरुपी एक अर्व अठसट्टि करोड पचहत्तर लाख मात्र) संस्थापक तथा रु. ५६,२५,००,०००/- ( अक्षेरुपी छपन्न करोड पच्चिस लाख मात्र) सर्वसाधारण समुहमा छुट्याइएको छ । हकप्रद शेयर निष्काशन पश्चात यी दुबै समुहको शेयर चुक्ता हुनेछ ।<br><br>
(घ) कम्पनीको जारी तथा चुक्ता पूँजीको अनुपात देहाय बमोजिम हुनेछ ।
<table>
<tr><th rowspan="2">समुह</th><th colspan="3">शेयर</th></tr>
<tr><th>प्रतिशत</th><th>संख्या</th><th>रकम</th></tr>
<tr><td>(अ) संस्थापक</td><td>७५</td><td>१,६८,७५,०००</td><td>रु. १,६८,७५,००,०००/-</td></tr>
<tr><td>(आ) सर्वसाधारण (स्थानिय समेत)</td><td>२५</td><td>५६,२५,०००</td><td>रु. ५६,२५,००,०००/-</td></tr>
</table>
</td>
<td>कम्पनी संचालन गर्न हालको पुँजी अप्रयाप्त हुन गएकोले</td>
</tr>
</table>

**लिवर्टी इनर्जी कम्पनी लि.को**

नियमावलीमा भएको संसोधनको

**<u>तिन-महले</u>**

| सोविकको व्यवस्था | हाल संसोधित व्यवस्था | संसोधनको कारण |
|---|---|---|
| **नियमावलीको नियम २७ (२)**<br><br>यस कम्पनीमा ७ जनाको संचालक समिति हुनेछ जसमा सस्थापक समुहबाट ५ जना, सर्वसाधारण शेयरधनी तथा स्थानियहरु समेतबाट १ जना र १ जना स्वतन्त्र संचालक रहेछन् । | **नियमावलीको नियम २७ (२)**<br><br>यस कम्पनीमा ७ जनाको संचालक समिति हुनेछ जसमा सस्थापक समुहबाट ५ जना, सर्वसाधारण शेयरधनी तथा स्थानियहरु समेतबाट १ जना र स्वतन्त्र संचालक १ जना रहेछन् । कम्पनीको संचालक समितिमा कम्तीमा १ जना महिला संचालक रहनेछन् । | कम्पनी ऐनको व्यवस्था पालना गर्नुपर्ने भएकोले । |